वार्षिक कार्यक्रम तथा प्रगति पुस्तिका

आ.व.२०७७/७८



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वन इकाई,

कास्की

दुई शब्द



निर्वाहमुखि कृषि प्रणालीलाई व्यवसायिक एवं औद्योगिक कृषि प्रणालीमा रुपान्तरण गरि उत्पादनमूलक क्षेत्रमा प्रशस्त रोजगारी सृजना गर्न र दिगो कृषि विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक विकास र गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य हासिल गर्न कृषि क्षेत्रले प्रशस्त संभावना बोकेको छ । खाद्यान्न तथा खाद्य पदार्थको मूल्यमा देखिने उतारचढाव, कृषि उत्पादन सामाग्रीहरुको प्रर्याप्त आपूर्ति नहुनु, पूर्वाधार विकासको कमी, युवावर्गको विदेशीने क्रम बढ्दै जानु, कृषि क्षेत्रमा देखिएको श्रम शक्तिको अभाव र प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनक कारण सिर्जित समस्याहरुले कृषि क्षेत्रमा आशातित सफलता हासिल गर्न नसकिएको परिवेशमा कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरुको निर्माण एवं निर्यात योग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि मार्फत सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास एवं रोजगारीको अवसरहरु सृजना गर्ने उद्देश्यका साथ आ.व. २०७३-०७४ देखि कास्की जिल्लाको पोखरा—लेखनाथ महानगरपालिका क्षेत्रलाई कार्य क्षेत्र बनाई तरकारी बालीको वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम संचालनमा रहेको छ ।परियोजनाले निर्दिष्ट गरेका यान्त्रीकरण, कृषि वस्तुको निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको माध्यमबाट दिगो, आत्मनिर्भर, प्रतिस्पर्धी एवं व्यवसायिक कृषिको विकासको जगका रुपमा यस परियोजनाबाट पोखरा महानगरपालिकाका सबै वडाहरुमा तरकारीको उत्पादनमा बृद्धि कार्यक्रम, साना सिचाई कार्यक्रम, भकारो सुधार, कष्टम हायरिङ्ग सेन्टर संचालन, पोष्ट हार्भेष्ट सेन्टर तथा प्रशोधन केन्द्र स्थापन संचालन, कृषि विद्यालयलाई सहयोग, तरकारी बालीको नविनतम प्रविधि प्रदर्शन कार्यक्रम, स्थलगत तालिम, उद्यमशिलता तालिम, स्थलगत प्रयोगशाला सेवा लगायतका विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ जसले गर्दा यस क्षेत्रका कृषकहरु निकै नै लाभान्वीत भइरहेका छन। आगामी दिनहरुपनि तरकारी बालीमा नविनतम प्रविधि, यान्त्रिकरण, चक्लावन्दी कार्यक्रम, साना सिंचाई सहयोग कार्यक्रम, प्राविधिक शिक्षालयसंगको व्यवासायिक कृषि उत्पादन कार्यक्रम, बिउ स्रोत केन्द्र स्थापना, नर्सरी श्रोत केन्द्र स्थापना, पोष्ट हार्भेष्ट सेन्टर र प्रशोधन उद्योग स्थापनाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ ।

यो पुस्तिका प्रकाशनले तरकारी बाली उत्पादनको क्षेत्रमा संलग्न सरोकारवाला, नीति निर्माता, अनुसन्धानकर्ता, विद्यार्थी, कृषक तथा कृषि क्षेत्रमा संलग्न सवैलाई उपयोगी हुने आशा एवं विश्वास लिएको छु। परियोजना कार्यान्वयनमा आवश्यक सहयोग एवं सहजीकरण गर्नु हुने

परियोजना व्यवस्थापन इकाई, पोखरा महानगरपालिका, सुपरजोन संचालन समन्वय समिति, परियोजनामा आवद्ध कृषि उद्यमी, कृषक समुह, कृषि सहकारीहरुका पदाधिकारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा विविध क्षेत्रको तथ्यांक उपलब्ध गराउन सहयोग गर्ने कार्यालय, संघ संस्थाहरु प्रति आभार व्यक्त गर्दछु। यस पुस्तिका प्रकाशनमा विशेष सहयोग पुराउनु हुने यस इकाईका कृषि अधिकृतद्वय निशा कंडेल र सुस्मा घिमिरेलाई विशेष धन्यवाद दिन चाहन्छु

अजय अधिकारी

वरिष्ठ कृषि अधिकृत

विषय-सूची

खण्ड-१

जिल्लाको परिचयात्मक विवरण

क्र.सं.	विषय	पेज नं.
१	परिचय	१
२	जिल्लाको नामाकरण	१
३	जिल्लाको भौगोलिक अवस्था	१
४	जिल्लाको जनसंख्या	२
५	जिल्लाको राजनैतिक बर्गीकरण	२
६	जग्गा तथा जमिन	३
६.१	भू-क्षेत्र	३
६.१.१	उच्च हिमाली पत्रे तथा परिवर्तित चट्टान क्षेत्र	३
६.१.२	घनपोखरा समूह	३
६.१.३	नाउँडाँडा समूह	३
६.१.४	सेती समूह	४
६.२	भू-सतहः	४
६.२.१	उच्च हिमाली क्षेत्र	४
६.२.२	मध्यवर्ती पहाड तथा डाँडाहरू	५
६.२.३	पहाडी फेदी तथा मैदानी उपत्यका	५
७	जमिनको भू-उपयोग	५
८	जग्गाको उर्वराशक्ति	६
९	हावापानी	६

९.१	उप-उष्ण जलवायु (sub-tropical climate)	७
९.२	समशीतोष्ण (Temperate climate)	७
९.३	समशीतोष्ण चिसो (Temperate cold climate)	७
९.४	चिसो लेकालि हावापानी (Alpine climate)	७
९.५	उच्च हिमाली हावापानी (Tundra climate)	७
	खण्ड-२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्बन्धि जानकारी	
१	परिचय	८
२	परियाजनाको उद्देश्यहरु	८
३	परियोजनाका संभागहरु	९
४	परियोजना मार्फत कृषिको आधुनिकीकरण	९
५	रणनीति	९
५.१	भूमिको बैज्ञानिक उपयोग	९
५.२	आधुनिक कृषि प्रविधिको अबलम्बन	१०
५.३	कृषि यान्त्रिकरण	१०
५.४	पूर्वाधार विकास	१०
५.४.१	सिंचाई पूर्वाधार विकास	१०
५.४.२	पोष्ट हार्भेष्ट केन्द्र	१०
५.४.३	कृषि बजार सेवा पूर्वाधारहरु	११
५.५	कृषि सामाग्री	११
५.६	रासायनिक र प्राङ्गारिक मल व्यवस्थापन	११
५.७	उत्पादन प्रविधि	१२

५.८	कृषि अनुसन्धान, शिक्षा र प्रसार	१२
५.९	प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रणालीको अबलम्बन	१२
५.१०	गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता स्थापना	१३
६	परियोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका	१३
६.१	संघीय निकायको भूमिका	१४
६.२	प्रादेशिक निकायको भूमिका	१७
६.३	स्थानीय तहको भूमिका	१९
७	बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) विकास कार्यक्रम	२०
७.१	पृष्ठभूमि	२०
७.२	उद्देश्य	२०
७.३	सुपरजोन निर्माण	२०
७.४	सुपरजोनका लागि क्षेत्रफलको न्यूनतम मापदण्ड	२१
७.५	सुपरजोनको संख्या र कार्यक्रम सञ्चालन अवधि	२१
७.६	सुपरजोनको अन्य संभागहरुसँगको सम्बन्ध	२१
७.७	सुपरजोन क्षेत्र विस्तार	२२
७.८	सुपरजोन सञ्चालन हुने क्षेत्र र समावेश हुने बाली	२२
७.९	सञ्चालन गर्ने निकाय	२२
७.१०	जनशक्ति व्यवस्थापन	२२
७.११	कार्यक्रमको लक्षित वर्ग	२३
७.१२	सुपरजोन छनौट	२३
७.१२.१	सुपरजोन निर्धारणका आधारहरु	२३
७.१२.२	सुपरजोन विकास कार्यक्रम सञ्चालन प्रक्रिया	२५

७.१२.३	सुपरजोन सञ्चालन समन्वय समिति गठन एवं जिम्मेवारी	२६
७.१२.४	सम्झौता र अनुदान रकम भुक्तानी	२७
७.१२.५	अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन	२७
	खण्ड-३ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, कास्की	
१	परिचय	२८
२	परियोजना कार्यान्वयन इकाईको उद्देश्य	२८
३	आ.व.२०७७/७८ मा गण्डकी प्रदेश अन्तर्गत संचालनमा आएका परियोजना कार्यान्वयन इकाईहरु	२९
४	उपलब्ध हुने सेवा सुविधाहरु	२९
५	आ.व. ०७७/०७८ को स्विकृत अस्थाई दरबन्दी विवरण	३०
६	हाल कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण	३१
७	परियोजना कार्यान्वयन इकाई कास्कीमा २०७३ देखि २०७७ सम्म कार्यारत कार्यालय प्रमुखहरुको विवरण	३१
८	हाल कायम सुपरजोन संचालक समन्वय समितिको विवरणः	३२
९	आ.व. २०७७/७८को असार महिनाको खर्चको फाँटवारी	३३
१०	परियोजना कार्यान्वयन इकाई कास्कीको आ. व. २०७७/०७८ को बार्षिक प्रगति विवरण	३५
११	आ.व. २०७७/७८को लाभान्वित जनसंख्या विवरण	३५
१२	परियोजना कार्यान्वयन इकाई कास्कीको आ.व. २०७७/०७८ को प्रगति कच्चेबारी	३६
१३	आ.व. २०७७/७८को सुपरजोन विकास कार्यक्रमतर्फ प्रगति सम्पन्न भएका मुख्य मुख्य गतिविधिहरु	४४
१४	आ.व. २०७७/७८को सुपरजोन विकास कार्यक्रमतर्फ प्रगति नपुगका कार	४६

१५	आ.व. २०७७/७८को सुपरजोन विकास कार्यक्रम समस्या सम्बन्धि विवरण	४७
१६	आर्थिक वर्ष २०७७/७८ मा प्रवाह भएको अनुदानको विवरण रु ५०,०००/- भन्दा माथि	४८
१७	आर्थिक वर्ष २०७७/७७ मा प्रवाह भएको अनुदानको विवरण रु ५०,०००/- भन्दा मुनि	६०
१८	परियोजना कार्यान्वयन इकाई कास्कीको आ.व २०७७/०७८ मा सुचिकृत कृषि उद्यमी/कृषक समुह/ कृषि सहकारीको विवरण	६३
१९	परियोजना कार्यान्वयन इकाई कास्कीको आ.व २०७८/०७९ को स्वीकृत वार्षिक कायर्त्रफम	६९
२०	आ.व. २०७७/७८ मा परियोजना कार्यान्वयन इकाई कास्कीमा कृषि इन्टर्नमा परिचालित विद्यार्थिहरुको अनुसन्धानको सोध-सार	८०
२०.१	पोखरा, कास्कीमा पोलिटनेलमा उब्जाइएको टमाटरका प्रजातिहरूमा टमाटरकोपातको मोल्ड रोगको पहिचान र स्क्रिनिङ	८०
२०.२	पोखरा महानगरपालिका, कास्कीमा प्लाष्टिक घर अन्तर्गत टमाटर उत्पादनको प्राविधिक र विनियोजनात्मक प्रभावकारिताः स्टोकास्टिक फ्रन्टियर अप्रोच	८१
२०.३	मूलाकाविभिन्न जातहरुको वृद्धि, गुणस्तर र उत्पादनमा भर्मीकम्पोस्ट र रासायनिक मलको विभिन्न मात्राको प्रभाव	८२
२०.४	काँक्रोको बृद्धि, विकास, लिंग अभिव्यक्ति र उत्पादनमा इथिफोनडोजको फोलियर स्प्रे र काँट छाँट(२G र ३G) को प्रभाव	८४
२०.५	कास्की जिल्लामा टमाटर उत्पादनमा प्रविधिको प्रयोगलाई प्रभावपार्ने कारक तत्वहरु	८५
२१.	आ.व.२०७७/७८मा कास्की जिल्ला अन्तर्गतका गाउँपालिकाको कार्यालयहरुबाट संचालित पकेट कार्यक्रमहरु	८६
२२.	आ.व. २०७७/७८ मा कृषि ज्ञान केन्द्र कास्कीद्वारा सञ्चालित ब्लक कार्यक्रमसंबन्धि विवरण	८८

खण्ड-१
जिल्लाको परिचयात्मक विवरण

१) परिचय

कास्की जिल्ला नेपालको संघीय संरचना अनुसार गण्डकी प्रदेशमा अवस्थित पर्यटकीय जिल्ला हो। यो जिल्ला अन्नपूर्ण हिमश्रृङ्खला तथा माछापुच्छ्रे हिमालको काखमा रहेको छ। भौगोलिक, साँस्कृतिक एवं बातावरणीय विविधताको कारण यस जिल्ला अनुपम पर्यटकीय केन्द्रको रुपमा विश्वमा प्रसिद्ध छ। क्षेत्रफल र जनसंख्याको हिसावले ७७ जिल्लाहरुमध्ये क्रमशः सत्ताइसौं र उन्नाइसौं स्थानमा रहेको यस जिल्लाको सदरमुकाम पोखरा महानगर अन्तर्गतको पोखरा सहरले नेपालकै सुन्दर र सफा नगरको रुपमा पहिचान राखेको छ। नेपालको राजधानी काठमाडौंदेखि करिब २०० किलोमिटर पश्चिममा रहेको यो जिल्ला प्राकृतिक रूपले अत्यन्त मनोरम स्थान हो ।

२) जिल्लाको नामाकरण

कास्की जिल्लाको नामाकरणका सम्वन्धमा कश्यप ऋषिको तपोभूमी रहेको यस ठाउँलाई "काश्यपकुट्ट" शब्द दिइएको र तहाँ "कास्यप सिहंता" नामक अमुल्य आर्युवैदिक ग्रन्थ रचना गरेकामा त्यही शब्द खिईदै अपभ्रंस भई कास्यपबाट कास्की बनेको किंवदन्ति एकातर्फ छ भने अर्कोतर्फ प्राकृतिक खनिज स्रोतको भण्डारलाई "काष" र त्यसबाट "काषकी" हुदै कास्की रहन गएको किंवदन्ति छ। अर्को तर्फ सोह्रौं शताब्दिमा राजा कुलमण्डन शाहबाट शासित यो राज्य वि. सं. १८४२ जेष्ठमा राजा सिद्ध नारायण शाहको राज्यकालमा नेपाल एकीकरणमा गाभिएको पाइन्छ। जिल्लाको मध्यभागमा रहेको कास्कीडाँडा र कास्कीकोटबाट नै कास्की जिल्लाको नाम रहन गएको कुरा नेपाल एकीकरणको सन्दर्भमा निकै प्रचलित शब्द "त्रिशक्ति" मध्येको एउटा राज्य कास्की भएबाट यो भाग ऐतिहासिक भएको पुष्ट्याईं मिल्दछ। भाषाविदहरूका आधारमा गुरूङ्ग तमु भाषामा "कास" भन्नाले कछाड र "शिव" भन्नाले लगाउने अर्थात "कास शिव" कछाड लगाउनेहरू वस्ने ठाउँ शव्दवाट खिईँदै कास्कीको नामाकरण हुन गएको कुरा गुरूङ्ग भाषाविदहरूको भनाई रहेको पाइन्छ। तर ठोस आधार र तर्कहरूको आधारमा प्रमाणिकरण भने हुन सकेको छैन।

३) जिल्लाको भौगोलिक अवस्था

विश्व मानचित्रमा यस जिल्लाको अवस्थिति २८°०६' उत्तरी अक्षांशदेखि २८°३६' उत्तरी अक्षांशसम्म र ८३°४०' पूर्व देशान्तरदेखि ८४°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ ।

यस जिल्लाको सिमानामा पूर्वमा तनहुँ र लमजुङ, पश्चिममा पर्वत र म्याग्दी, उत्तरमा मनाङ्ग र मुस्ताङ, दक्षिणमा स्याङ्जा जिल्ला पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल २,०१,७०० हेक्टर रहेको छ । यो जिल्लाको आकार वृत्ताकार छ भने फैलाबट करिब ७० किलोमिटरको हवाइ दूरीमा पूर्व–पश्चिम एवं उत्तर–दक्षिण फैलिएको छ। समुद्र सतहदेखि मादी नदीको किनारमा करिब ४५० मिटर, सेती नदीको कोत्रे स्थित गल्छी करिब ५५० मिटर र मोदी नदीको विरेठाँटी नजीक लगभग ९५० मिटर उचाइमा यस जिल्लाको होंचो भाग अवस्थित छ। उत्तरको अग्लो अन्नपूर्ण श्रृङ्खला संधै हिउँले ढाकी रहन्छ र ११ वटा विभिन्न हिमशिखरहरू ७,००० मिटरभन्दा बढी उचाइका छन। यीमध्ये अन्नपूर्ण प्रथम (८,०९१) मिटर यसै जिल्लाको उत्तर–पश्चिम सिमानामा पर्छ भने अति मनमोहक कुमारी चुचुरा भर्जिन पिक माछापुच्छ्रे हिमाल(६,९९३ मिटर) जिल्लाको उत्तरी मध्य–भागमा पर्दछ। उत्तर तर्फको मनमोहक हिमाच्छादित श्रृङ्खला, सेती नदीको गहिरो गल्छी, उपत्यका र ताल–तलैया यस जिल्लाका आभूषण हुन् ।

४) जिल्लाको जनसंख्या

२०६८ सालको राष्ट्रिय जनसंख्या अनुसार यस जिल्लामा जम्मा घरसंख्या १२५६९३ र कुल जनसंख्या ४९२०९८ छ जसमा पुरुष २३६३८५ र महिला २५५७१३ रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धिदर २.५७ प्रतिशत रहेको छ भने जनघनत्व २४४ प्रति वर्ग कि.मि. रहेको छ । त्यसैगरी औषत परिवार संख्या ३.९२ रहेको छ जुन नेपालको सवैभन्दा कम हो । यस जिल्लामा गुरुङ, ब्राह्मण, क्षेत्री, मगर, नेवार, थकाली, विश्वकर्मा, परियार, मिजार आदि जातका मानिसहरु मुख्य रुपमा बसोबास गर्दछन् ।

५) जिल्लाको राजनैतिक बर्गीकरण

यस जिल्लामा देशकै ठूलो महानगरपालिकाको रुपमा परिचित पोखरा महानगरपालिका र चारवटा गाउँपालिका (माछापुच्छ्रे, अन्नपूर्ण, मादी र रुपा) हरु रहेका छन्।

तालिकाः कास्की जिल्लाको राजनीतिक तथा प्रशासनिक विभाजन

क्र.सं.	स्थानीय तह			क्षेत्रफल/वर्ग कि.मी.
	नाम	केन्द्र	वडा	
१	पोखरा महानगरपालिका	पोखरा	३३	४६४.२४

२	माछापुच्छ्रे गाउँपालिका	लाहाचोक	९	५४४.५८
३	अन्नपूर्ण गाउँपालिका	लुम्ले	११	३५०.३७
४	मादी गाउँपालिका	याङ्जाकोट	१२	५६३
५	रुपा गाउँपालिका	रुपाकोट	७	९४.८१
			७२	२०१७

कास्की जिल्लाको अवस्थिति पहाडी प्रदेशमा भएको कारण यसको भू–वनावट पनि ज्यादै जटिल छ। यस जिल्लामा दुई भिन्न पर्यावरणीय प्रदेश (पहाडी र उच्च हिमाली)मा पर्ने हुँदा पनि यसमा विषम भू–बनावट पाइन्छ। विषम भू–बनावटको निर्माण हुनुको कारणमा जिल्लामा पर्ने भौगोलिक संरचनाको विशेष भूमिका रहेको छ। भौगोलिक संरचनाको आधारमा जिल्लालाई पाँच प्रमुख क्षेत्रमा विभाजन गर्न सकिन्छ।

६) जग्गा तथा जमिन

जमिनको भौतिक स्थिति

६.१ भू-क्षेत्र

मुख्यतः कास्की जिल्लाको भू–भाग पहाडी र उच्च हिमाली क्षेत्रमा फैलिएर रहेको छ। भौगोलिक संरचनाको आधारमा जिल्लालाई पाँच प्रमुख क्षेत्रमा विभाजन गर्न सकिन्छ।

६.१.१ उच्च हिमाली पत्रे तथा परिवर्तित चट्टान क्षेत्र

समुद्र सतहदेखि ४,००० मिटरभन्दा माथिको भू–भाग यस क्षेत्रअन्तर्गत पर्दछ।

६.१.२ घनपोखरा समूह

यो क्षेत्र अत्यन्त कमजोर भू–बनोटअन्तर्गत पर्दछ। यसै क्षेत्रम main central thrust भनिने सम्बेदनशील भौगोलिक जोर्निका पेटीले जिल्लाको लगभग १,५०० देखि २,००० मिटरको उचाइ क्षेत्रमा पूर्व–पश्चिम काटेको छ। यो क्षेत्र पहिरो जाने र भूकम्पको केन्द्र विन्दुको लागि अत्यन्त प्रमुख मानिन्छ। त्यसैले ठूला निर्माण कार्यको लागि यस क्षेत्रमा ठूलो सावधानी लिनु पर्ने देखिन्छ।

६.१.३ नाउँडाँडा समूह

यो क्षेत्र घनपोखरा समूहको दक्षिणमा अवस्थित छ। यसमा खासगरी कमजोर चट्टानको वाहुल्यता छ। यो क्षेत्रमा अति वर्षा हुने हुँदा पहिरो जाने बढी सम्भावना रहन्छ।

६.१.४ सेती समूह

यो क्षेत्र खासगरी पोखरा उपत्यकामा अवस्थित छ। प्राचीन समयमा माछापुच्छ्रेदेखि उत्तर तर्फको ठूला बाँध फुटेर अकस्मात पोखरा उपत्यकामा रोडा र गिटी थुप्रिन गई निर्माण भएको समतल नदीका टार क्षेत्र र गण्डकीका गरा यस समूहमा पर्दछन। यसमा पनि निर्माण समयावधिका आधारमा कुनै निकै पुराना छन र त्यहाँ भुङ्कान (भ्वाङ) पर्ने क्रिया देखिन्छ भने कुनै नयाँ र कठोर सिमेन्टेड (गेडुला ढुङ्गाको जमोट) अवस्थामा छन। भू–गर्भशास्त्रीहरूले यसलाई पनि विभिन्न उप–समूहमा राखी पोखरा उपत्यकाको बस्ती योजनालाई सुझाव दिएका छन।

अन्य समूहयसमा जिल्लाको दक्षिणी भागमा वर साझी मटिखान र पश्चिममा उल्लेरी निर्माण समूह पर्दछन। यी क्षेत्रमा सामान्य फिलाईट समूहका चट्टान छन। अन्य पहाडी क्षेत्रको तुलनामा केही स्थित भू–बनोट छ। जिल्लाको भू–संरचना जटिल भएको कारण यसको भू–सतह पनि उत्तिकै जटिल छ। भू–सतहको आकृतिका आधारमा जिल्लाको भू–क्षेत्रलाई तीन प्रमुख किसिममा विभाजन गर्न सकिन्छ।

६.२ भू-सतहः

जिल्लाको भू-बनोटको विविधतासँगै यसको भू-सतहमा पनि विविधता पाइन्छ। भू-सतहको बनोटका आधारमा जिल्लाको भूभागलाई तीन प्रमुख क्षेत्रमा विभाजन गर्न सकिन्छ। ती क्षेत्र देहाय बमोजिम रहेका छन्।

६.२.१ उच्च हिमाली क्षेत्र

समुद्र सतहबाट लगभग ३,५०० मिटरदेखि माथिको भू–भागलाई यस समूहमा राख्न सकिन्छ। अधिक उचाइको कारण यसभन्दा माथि लामो समय हिउँद्वारा ढाकिरहन्छ। जिल्लाको सम्पूर्ण भू–भाग अन्नपूर्ण शृङ्खलाको दक्षिण मोहडामा परेको हुँदा स्थायी हिमरेखा ४,५०० मिटरको उचाइभन्दा माथि रहेको छ। स्थायी हिमरेखा माथि अनवरत हिउँका प्रक्रिया रहेतापनि यस क्षेत्रको तल्लो सीमान्त भू–भागमा अस्थायी हिउँका प्रक्रिया केन्द्रित रहन्छन्। यो क्षेत्रमा मात्र केही अधिक उचाइमा पाइने भोजपत्र, धूपी र काँडे झाडी पाइन्छन् भने धेरै जसो समथर भागमा घाँसे चरन क्षेत्र छ। यस क्षेत्रमा गृष्मकाल (असार–असोज)मा भेडीगोठ राख्ने चलन छ।

६.२.२ मध्यवर्ती पहाड तथा डाँडाहरू

जिल्लाको ३,५०० मिटरदेखि तल भिरालो पाखा तथा होंचा डाँडाहरू यस क्षेत्रमा पर्दछन्। खासगरी होंचो पहाडी पाखा, तथा नदी–निर्मित टार उपत्यकामा आएर समाहित हुने हुँदा यी भिराला पाखाहरू जटिल र सम्वेदनशील छन्। यी पहाडी पाखामा होंचा र समथर भागमा मानव बस्ती र खेतीपाती केन्द्रित छन् भने अग्ला भागमा चरन तथा जंगल क्षेत्र छन्। यस क्षेत्रमा प्राचीन कालदेखि मानव बस्तीको लागि उपयुक्त हावापनी पाइने हुँदा पुराना बस्तीहरू केन्द्रित छन। मानिस र मानिसका क्रियाकलापको अधिक चाप परिरहेका यी क्षेत्रहरू भू–बनोटको हिसाबमा कमजोर र भिराला भएकाले पनि निकै सम्वेदनशील छन्।

६.२.३ पहाडी फेदी तथा मैदानी उपत्यका

भिराला पाखाहरूको तल्लो भाग तथा नदी र खोलाहरूको किनारका समथर भाग यस क्षेत्रमा पर्दछन। खासगरी पोखरा उपत्यका भराभरीदेखि कोत्रेखोलासम्म र अन्य मर्दी याम्दी, हर्पन विजयपुर, दोभान र स्याङखुदी खोलाहरूको तल्लो भाग ज्यादै विस्तृत छ। त्यस्तै, सुरौदी खोलाको बेसी, मादी नदीको बेसी र मोदी नदीको बेसी जिल्लाका अरु मैदानी भाग हुन। यी क्षेत्रमा प्रायः नदीले थुपारेका बलौटो, पाँगो र तलैया माटो भएको कारण उत्पादनका लागि ज्यादै उपयुक्त छन। तथापि, यी क्षेत्र नदी कटान र बाढीका लागि ज्यादै सम्बेनदशील छन। पहाडका फेदीमा मध्यवर्ती भिराला पाखाबाट आएका पहिराका पदार्थहरूले पुर्ने क्रम ज्यादै जटिल छ। मर्दी र इदी खोला, हर्पनखोला, स्याङखुदी र दोभान खोला यसका प्रत्यक्ष उदाहरण हुन। यो भू–भाग पहिला औलो र खहटे(एक प्रकारको क्षयरोग)को ठूलो प्रभावमा रहेको कारण ऐतिहासिक कालमा ज्यादै पातलो बस्ती थियो। तर, हालमा यातायात र शहरी प्रभावको कारण यो क्षेत्रमा जनआवादी ज्यादै घना छ।

७) जमिनको भू-उपयोग

कास्की जिल्लाको जम्मा क्षेत्रफलको करिब ३७ प्रतिशत जमिन वन जंगलले ढाकेको छ भने २४ प्रतिशत जमिनमा खेती गरिएको छ। खेती नगरेको जमिनमध्यै ६.५ प्रतिशत जमिन खेती गर्न लायक र १०.६ प्रतिशत जमिन आवास क्षेत्रले ढाकेको छ।

भू-उपयोगको किसिम अनुसार जमिनको क्षेत्रफल

सि.नं.	भू-उपयोगको किसिम	क्षेत्रफल	
		हेक्टर	प्रतिशत
१	खेती गरेको जमिन	४८९६२	२४.३

२	खेती गर्न लायक	१३२००	६.५
३	वन जंगल	७५२६३	३७.३
४	चरन, झाडी,बुट्यान	२३६४२	११.९
५	आवास क्षेत्र	२१३८५	१०.६
६	हिउँले ढाकेको क्षेत्र	११५१६	५.७
७	अन्य (नदी,खोला,सडक,बाटो,बाँझो जमिन)	७४३२	३.७
	जम्मा	२०१७००	१००

८) जग्गाको उर्वराशक्ति

जिल्लाको ठूलो क्षेत्रफल हिमाल, पहाड तथा भिरपाखाले ओगटेकाले कृषि उत्पादनको लागि उर्वर भूमि सिमित रहेको छ। जिल्लाका पुराना र चर्चित उर्वरा क्षेत्रहरुमा बैदामको बारी, आर्वाको घारी र माझाठानाको टारी भन्ने भनाई रहेको छ। विगतमा पोखरा उपत्यकामा रहेका विरुवा, कुँडहर, अर्घौं, शिशुवा फाँट उर्वरा क्षेत्र रहेकामा हाल शहरीकरणको प्रभावसंगै उर्वराभूमि सागुरिदै गएका छन्। सेती नदी किनारा र आसपासका भूमिहरुमा गेगरिलो माटोको कारण खाद्यान्न बालीको लागि कम उर्वराशक्ति रहेको पाइन्छ। समथल भूभागमा खाद्यान्न बालीको लागि उर्वर भूमि पाइन्छ भने भिराला पाखाहरमा फलफूल, डालेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

९) हावापानी

कास्की जिल्लाको भू-धरातलीय बनावटमा पाइने विषमतासंगै हावापानीमा पनि विविधता पाइन्छ। दक्षिणी होचो मैदानी र नदीका बेसीहरुमा गृष्मकालमा गर्मी र हिउँदमा चिसो हुन्छ भने उत्तरी हिमाली भेगमा गृष्मकालमा चिसो र हिउँदमा ठण्डा हुन्छ। पोखरा उपत्यका आसपास र अधिकांस गा.वि.सहरुमा समशितोष्ण खालको हावापानी पाईन्छ। जिल्लामा अधिकम तापक्रम अप्रिल,मे,जुन र जुलाई महिनाहरुमा करिब ३४ से. सम्म र न्यूनतम तापक्रम डिसेम्बर र जनवरीमा करिब ३ से सम्म पोखरा बराबरको भूभागमा रेकर्ड भएको पाईन्छ। हिम श्रृङ्खलाको नजिक र हिउले ढाकेको क्षेत्र तथा बस्तीहरुमा यो भन्दा धेरै तापक्रम रहेको हुन्छ। कास्की जिल्लाको सम्पूर्ण भागमा वार्षिक २,५०० मिमि भन्दा बढी वर्षा हुन्छ। प्रायः धेरै वर्षा हुने मौसम बैशाख-जेष्ठ महिनमा शुरु भै भाद्र-आश्विनमा समाप्त हुने र गर्मी महिनाको तुलनामा जाडो महिनामा कम वर्षा हुने गर्दछ। उच्च हिमाली भागमा हिउँको वर्षा हुन्छ। तापक्रम, वर्षा

र मौसमको वितरणका आधारमा जिल्लामा निम्न पाँच प्रकारका हावापानी रहेको पाइन्छ।

९.१ उप-उष्ण जलवायु (sub-tropical climate)

जिल्लाको दक्षिणी भागमा होचो क्षेत्रमा १५०० मीटर उचाई सम्म पाइन्छ।

९.२ समशीतोष्ण (Temperate climate)

मध्य पहाडी क्षेत्रका १५०० मीटरदेखी २००० मिटर सम्मको उचाई क्षेत्रमा पाइन्छ।

९.३ समशीतोष्ण चिसो (Temperate cold climate)

मध्य पहाडी क्षेत्रका २००० मीटरदेखी ३००० मिटर सम्मको उचाई क्षेत्रमा पाइन्छ। जिल्लाको प्रायः जसो यस क्षेत्रमा मिश्रित कोणधारी जंगल फैलिएको छ।

९.४ चिसो लेकालि हावापानी (Alpine climate)

३००० मीटर देखि माथी ४५०० मीटर सम्म उच्च लेकाली हावापानी पाइन्छ। यो क्षेत्र हिउँदमा हिँउ भित्र रहन्छ भने गृष्ममा न्यायो रहन्छ। घाँस, जडीबुडी र चरनका लागि यो क्षेत्र अति उपयोगी छ।

९.५ उच्च हिमाली हावापानी (Tundra climate)

४५०० मीटर भन्दा माथि सधै भरी हिउँले ढाक्ने क्षेत्रमा यो क्षेत्र पर्दछ। यस क्षेत्रका प्रमुख हिमालहरुमा अन्नपूर्ण प्रथम (८०९१मीटर) अन्नपूर्ण दोस्रो (७९३७ मीटर) अन्नपूर्ण तेस्रो (७५५५ मीटर) अन्नपूर्ण चौथो (७५२५ मीटर) अन्नपूर्ण दक्षिण (७२१९ मीटर) र माछापुच्छ्रे (६९९३ मीटर) रहेका छन्।

खण्ड-२

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सम्बन्धि जानकारी

१) परिचय

स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक सस्थागत जनशक्तिबाट कृषि बिकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली र बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पुर्बाधारको व्यवस्था जस्ता क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना सहित प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० बर्ष अवधिको लागि लागू भएको छ ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, ब्यबसायीक, दिगो एबं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ सञ्चालन भएको यस परियोजनाको लक्ष्य समग्र मुल्य श्रृंखलाका अवयवहरुको एकिकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औधोगिकीकरण उन्मुख कृषि र दिगो आर्थिक अवसरहरु श्रृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने रहेको छ ।

२) परियाजनाको उद्देश्यहरुः

क. प्रमुख कृषि उपजहरुको बिशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने,

ख. निर्यात योग्य कृषि बस्तुहरुको मुल्य अभिबृद्धि गर्दै प्रतिस्पर्धातमक क्षमता अभिवृद्धी गर्ने,

ग. कृषिलाई सम्मानजनक नाफामुखी ब्यबसायका रुपमा बिकास गदै रोजगारीका अवसरहरु श्रृजना गर्ने र

घ. बहुसरोकार वाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने रहेको छ।

परियाजना संचालनका लागि भुमिको बैज्ञानिक उपयोग, आधुनिक कृषि प्रबिधिहरुको अबलम्बन, कृषिमा यान्त्रिकीकरण, कृषि उपजहरुको प्रशोधन तथा बजारिकरण पुर्बाधारहरुको बिकास, कृषि अनुसन्धान, शिक्षा, प्रसार प्रणालीको सुदृढ समन्वय एबं आधुनिकिकरण, प्रतिफलमा

आधारित प्रोत्साहन प्रणालीको अबलम्बन, गुणस्तर नियन्त्रण तथा खाध स्वच्छता अभिबृद्धि तथा वातावरण परिबर्तन अनुकुलित कृषि प्रणाली अबलम्बन लगायतका रणनितीहरु अबलम्बन गरिने छ।

३) परियोजनाका संभागहरुः

क) साना व्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम।

ख) व्यबसायिक कृषि उत्पादन केन्द्र (ब्लक) बिकास कार्यक्रम।

ग) व्यबसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम।

घ) बृहत कृषि व्यबसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) बिकास कार्यक्रम ।

यी संभागहरुमा कृषि सामाग्री आपुर्ती व्यवस्थापन, यान्त्रिकरण सहयोग, भौतिक पुर्वाधार सहयोग, अनुसन्धान -शिक्षा -प्रसार सुद्बृढीकरण सहयोग, कषि आधुनिकिकरणका लागि बिज्ञहरुको सेवा सम्झौता, कृषि जन्य उधोगहरु स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लगायतका कार्यक्रम सञ्चालन गरिने उल्लेख भएको छ।

४) परियोजना मार्फत कृषिको आधुनिकीकरण

पछिल्लो समय नेपालको समग्र कृषि क्षेत्रमा केही आधुनिकीकरणका संकेत र परिदृश्यहरु देखिएका छन्। उन्नत कृषि सामग्री तथा प्रविधिको प्रयोग, यान्त्रिकरण, बजारमा आधारित कृषि उपज उत्पादन तथा वितरण, कृषि फर्मको नाफा नोक्सानको हिसाब राख्ने प्रचलन आदि लाई कृषि क्षेत्रको समग्र आधुनिकीकरणका प्रारम्भिक संकेतको रुपमा लिन सकिन्छ। कृषि क्षेत्रमा बढ्दो निजी लगानी यसको अर्को संकेत हो। हाल कृषि क्षेत्रको आधुनिकीकरणको प्रक्रियाको थालनी भए पनि समग्र ग्रामीण कृषि अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी यो प्रक्रिया तिव्र र वाह्य परिवेश सापेक्ष हुन सकेको छैन। कृषि क्षेत्रको सम्रग आधुनिकीकरणको प्रक्रियालाई तिव्र पार्न र बाह्य परिवेशसँग सामन्जस्यता ल्याउन आधुनिक कृषिका निम्न आयामहरुलाई समावेश गरी आधुनिकीकरणको प्रक्रियाको थालनी गर्न यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन गरिएको छ।

५) रणनीति

५.१ भूमिको बैज्ञानिक उपयोग

भूमिको बैज्ञानिक उपयोगका लागि माटोको उर्वराशक्ति र वालीको उपयुक्तता अनुसार मुख्यत देहाय बमोजिम चक्लावन्दी कार्यक्रमलाई प्राथमिकता दिनेछ ।

(क) सहकारी खेती

(ख) करार खेती

(ग) कबुलियती (लिज) खेती

(घ) स्वेच्छिक रुपमा चक्लावन्दीमा आवद्धता

५.२ आधुनिक कृषि प्रविधिको अबलम्बन

आधुनिक कृषि उत्पादन सामाग्री र प्रशोधन प्रविधिहरुमा कृषकहरुको पहुँच वृद्धि गरिनेछ ।

५.३ कृषि यान्त्रिकरणः

कृषिमा बढ्दो श्रम शक्तिको अभाव घटाउन र उत्पादन लागत घटाउँदै कार्य दक्षतामा अभिवृद्धि गरी कृषिलाई नाफामूखी व्यवसायको रुपमा स्थापित गर्न कृषि क्षेत्रमा यान्त्रिकरणको अत्यन्तै महत्व रहेको छ। यस परियोजना मार्फत परियोजनाका सबै सम्भागहरुमा वाली अनुसारका आवश्यक मेशिनरीहरुको सेट सहितको कष्टम हायरिङ सेन्टर सञ्चालन गरी यान्त्रिकीकरण प्रवर्द्धन गरिनेछ। उत्पादन केन्द्रहरु स्थापना र सवलीकरण समेतमा सहयोग पुर्याइने छ ।

५.४ पूर्वाधार विकासः

कृषिको रुपान्तरणका लागि पूर्वाधार विकास तर्फ मूलतः सिंचाई, बजार, प्रशोधन केन्द्र, खाद्य परिक्षण, माटो परिक्षण, प्लाण्ट क्वारेन्टिन प्रयोगशाला र सडक पूर्वाधारहरुको विकासलाई यस परियोजनाले महत्व दिएको छ।

५.४.१ सिंचाई पूर्वाधार विकासः

साना सिंचाई प्रणाली निर्माण र सञ्चालनका लागि कृषि सहकारीहरु, उपभोक्ता समूहहरु मार्फत निर्माण गर्न प्रोत्साहन गरिनेछ। पकेट, ब्लक, जोन र सुपरजोनमा सिंचाईको व्यवस्थापन र संचालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरी व्यवसायिक सिंचाई प्रणाली विकासमा समेत सिंचाई नीतिको परिधी भित्र रही जोड दिईनेछ। पकेट, ब्लक, जोन र सुपरजोनमा आधुनिक सिंचाई प्रणालीहरु जस्तै ड्रिप सिंचाई (थोपा सिंचाई), स्पिङ्कलर सिंचाई आदिको स्थापना मर्मत सम्भार तथा संचालनको लागि प्रोत्साहन गरिनेछ।

५.४.२ पोष्ट हार्भेष्ट केन्द्रः

सार्वजनिक निजी साझेदारीमा पोष्ट हार्भेष्ट सेवा केन्द्रहरु स्थापनाका लागि पूँजीगत अनुदानको व्यवस्था गरिनेछ। यस्ता सेवा केन्द्रहरुमा संकलन केन्द्र, उपजहरुको प्राथमिक प्रशोधन, प्याकेजिङ्ग एवं भण्डारण सेवा लगायतका सेवाहरु एकीकृत रुपमा उपलब्ध हुनेछ।

५.४.३ कृषि बजार सेवा पूर्वाधारहरुः

कृषि पकेट, ब्लक, जोन र सुपरजोनहरुमा सम्भाव्यताको आधारमा कृषि उपज संकलन केन्द्रहरु, हाट बजारहरु, ठूला कृषि बजारहरु र एग्री मार्टको निर्माण गर्न पूँजीगत अनुदान दिईनेछ। कृषि उपजहरुको सहज बजारीकरणका लागि कृषि बजार सूचना प्रणालीको उपयोग गरिनेछ । कृषकहरुलाई कृषि वस्तुहरुको माग, आपूर्ति, मूल्य र सम्भाव्य बजारका सम्बन्धमा सूचना प्रदान गर्नका लागि आधुनिक सूचना प्रविधिहरुको प्रयोग गरिनेछ । Plant/food quarantine पूर्वाधारहरुको विकास गरिने छ । साथै देशका विभिन्न नाकाहरुमा रहेका Plant/food quarantine प्रयोगशालाहरुलाई अन्तराष्ट्रिय मापदण्ड अनुरुप विकास एवं सुदृढिकरण गरी कृषि व्यापारलाई प्रवर्द्धन गरिनेछ।

५.५ कृषि सामाग्री :

वाली उत्पादन र उत्पादकत्व वृद्धिका लागि आवश्यक गुणस्तरीय वीउ/वेर्ना, रसायनिक/प्राङ्गारिक मलको सहज उपलब्धता सुनिश्चित गरिनेछ। उत्पादन वृद्धिका लागि स्थान विशेष उपयुक्तउन्नत र हाईब्रिड वीउहरु व्यापक रुपमा प्रयोग गरिनेछ। नीजि र सार्वजनिक निकायहरुको सहकार्यमा गुणस्तरीय वीउ/वेर्ना उत्पादन, वितरण र प्रशोधन गर्न प्रोत्साहन गरिने छ । औचित्यको आधारमा परियोजना सञ्चालन हुने स्थानहरुमा नीजि क्षेत्रलाई कृषि सामाग्री डिपोहरु स्थापना गर्न प्रोत्साहान गरी कृषि सामाग्रीहरुको उपलब्धता सुनिश्चित गरिने छ। त्यसैगरी हरेक गाउँपालिका/नगरपालिकाहरुमा बहुउद्देश्यिय आधुनिक नर्सरीहरु स्थापना गरी आवश्यक वेर्नाहरुको व्यवस्थापन गरिने छ। कृषि सामग्रीहरुको गुणस्तर सुनिश्चितताका लागि प्रयोगशाला मार्फत प्राविधिक सेवा उपलब्ध गराउनुका साथै अनुगमन तथा गुणस्तर परिक्षणका कार्यहरु संचालन गरिनेछ।

उत्पादन वृद्धिका लागि हाइब्रिड वीउको उपलब्धता तथा पहुँच बढाउन National Seed Vision बमोजिमको सरकारी तथा नीजि क्षेत्रबाट हाईब्रिड बीउको विकास गरिने छ। नेपाल कृषि अनुसन्धान परिषद् मार्फत विकास भएका तथा भविष्यमा विकास हुने जातहरुको Inbred line लाई निश्चित कार्यविधि वनाई सो मार्फत नीजि क्षेत्रलाई हस्तान्तरण गरी वीउ उत्पादनमा सहयोग पुर्याउनका साथै कृषकहरुबाट रुचाईएका हाइब्रिड जातहरुलाई समेत दर्ता गराउन आवश्यक सहयोग गरिने छ।

५.६ रासायनिक र प्राङ्गारिक मल व्यवस्थापन

परियोजना क्षेत्रमा सहकारीहरु मार्फत रासायनिक मल वितरण गर्ने व्यवस्था अवलम्बन गरिनेछ। निजी एग्रोभेट र अन्य सेवा प्रदायकहरुलाई पकेट, ब्लक, जोन र सुपरजोनमा रासायनिक मलको

विक्री वितरणमा सहभागी गराउने व्यवस्था गरिने छ। प्राङ्गारिक मलको हकमा तोकिएको मापदण्ड अनुसार प्राङ्गारिक मल उत्पादन गर्दै आएका कम्पनी/सहकारीहरुको उत्पादनलाई पकेट, ब्लक, जोन र सुपरजोनमा बढी भन्दा बढी प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहित गरिने छ। पकेट, ब्लक, जोन र सुपरजोनमा यदि वर्तमानमा संचालित कम्पनीहरु/सहकारीहरुबाट प्राङ्गारिक मल उपलब्ध गराउन नसक्ने अवस्था रहेमा थप कम्पनी/सहकारीहरुबाट प्राङ्गारिक मलको गुणस्तर सुनिश्चित गर्न नेपाल सरकारले तोकेको गुणस्तर मापदण्ड अनुसार विक्री वितरण गर्न उत्पादन, प्रशोधन र प्याकेजिङ्गमा अनुदान सहयोग गर्न सकिने छ।

५.७ उत्पादन प्रविधिः

उत्पादनका Package of Practices विकास र प्रसारका लागि प्रत्येक विशिष्टिकृत उत्पादन क्षेत्रमा कम्तीमा १ हेक्टर सम्मका क्षेत्रफलमा उन्नत प्रविधि प्रदर्शन तथा सिकाई केन्द्र (Demonstration and Learning Center) को रुपमा विकास गरिनेछ। कृषि उत्पादनका विभिन्न प्रविधिहरुको प्रभावकारी प्रसार तरिकाहरु जस्तै सहभागितात्मक प्रदर्शनको अबलम्वन तथा प्रविधि प्रसारका लागि सूचना प्रविधिको समेत व्यापक उपयोग गरिनेछ। यस्ता प्रविधिहरुको प्रसार र कृषकहरुले ग्रहण गर्नका लागि सहभागितात्मक व्यवसायिक उत्पादन प्रविधि प्रदर्शन र स्थलगत व्यवहारिक तालिमहरुको माध्यम अवलम्बन गरिनेछ।

५.८ कृषि अनुसन्धान, शिक्षा र प्रसार

कृषि अनुसन्धान केन्द्रहरु/फार्म केन्द्रहरु सुदृढीकरण र सवलीकरण गरिने छ। यस्ता अनुसन्धान केन्द्रहरुलाई विशिष्टिकृत क्षेत्रहरुको भूगोल र वाली उपयुक्त Basic and Adaptive Research मा केन्द्रित गर्नका लागि आवश्यक सुधारका लागि सहयोग उपलब्ध गराईने छ भने विद्यमान फार्म/केन्द्रहरुले उक्त विशिष्टकृत क्षेत्र लगायत कमाण्ड क्षेत्रहरुमा सेवा विस्तारका लागि आवश्यक वीउ/वेर्ना, विरुवाको मूल श्रोत केन्द्रका रुपमा विकास गर्दै पूर्ण क्षमतामा सञ्चालनका लागि उत्पादनका आधारमा प्रोत्साहन अनुदान वृद्धि हुने गरी सहयोग उपलब्ध गराईने छ। माटो परिक्षण गरी उर्वराशक्ति र सो माटोमा खेती गर्ने उपयुक्त वालीको विवरण सहितको माटो परिक्षण कार्ड उपलब्ध गराउनका लागि घुम्ति माटो परिक्षण प्रयोगशालाहरु प्रयोगमा ल्याईने छ। यस परियोजनाको उद्देश्य हासिल गर्ने प्रयोजनका लागि कार्यविधि बनाई कृषि विश्वविद्यालय तथा कलेजहरुलाई Academic प्रयोजनका लागि अनुसन्धान तथा प्रसार अनुदान उपलब्ध गराईने छ। त्यसैगरी विशिष्टिकृत उत्पादन क्षेत्रहरु जोन र सुपरजोनहरुमा अनुसन्धान शिक्षा र प्रसार इकाईको स्थापना गरी सञ्चालन गरिने छ भने कृषि कलेज र विश्वविद्यालयहरुबाट उत्पादित जनशक्तिलाई इन्टर्नको रुपमा तथा प्रविधि प्रसारमा सोही उत्पादन क्षेत्रमा परिचालन गरिनेछ।

५.९ प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रणालीको अबलम्बनः

तोकिएको वालीको निश्चित क्षेत्रफल वा तोकिएको परिमाण वा सो भन्दा बढी उत्पादन गर्ने कृषि उद्यमी, कृषि समूह/सहकारीहरुलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रदान

गरिनेछ। यस किसिमको प्रोत्साहन अनुदान बहु बर्षिय वालीको हकमा क्षेत्रफल विस्तारमा उपलब्ध गराईने छ । यसरी उपलब्ध गराईने प्रोत्साहन अनुदान कृषकको खातामा भुक्तानी गरिनेछ र वढीमा दुई आर्थिक बर्षसम्मको लागि उपलव्ध गराईनेछ।

५.१० गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता स्थापनाः

घुम्ती प्रयोगशालाहरुको प्रयोग, अन्तर्राष्ट्रिय मान्यता प्राप्त ल्याबहरुको स्थापना, केन्द्रियस्तरमा/ मुख्य बजार केन्द्रहरुमा विषादी द्रुत परिक्षण प्रयोगशाला स्थापना जस्ता खाद्य स्वच्छताका मापदण्डहरु औचित्यका आधारमा लागू गर्ने गरी कार्य गर्ने र सोही बमोजिम स्वच्छता एवम् गुणस्तर प्रमाणिकरणको व्यवस्था मिलाई नेपालका कृषि तथा खाद्य वस्तुहरुको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेश गराउने क्रियाकलापहरु संचालन गरिने छन्।

६) परियोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका

कृषि तथा पशुपन्छी विकासको कार्यमा संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी अनुसार यस परियोजना अन्तर्गत सन्चालन हुने पकेट, ब्लक, जोन र सुपरजोनलाई स्व-सञ्चालन (Self-Sustaining) उन्मुख हुने गरी तीन तहकै सरकारबाट उपलब्धीमा आधारित सहजीकरण (Smart Output Based Facilitation) गर्न र यस किसिमको सहजीकरणलाई क्रमशः सम्बन्धित सहकारी, कानून बमोजिम दर्ता भएका कम्पनी र त्यसका उद्यमी वा व्यवसायीहरुबाट नै सन्चालन हुने गरी क्रमिक रुपमा हस्तान्तरण गर्दै लैजानको लागि सुपरजोन र जोन विकास कार्यक्रम स्थानीय तह एवं प्रदेश सरकारसँगको समन्वयमा परियोजना कार्यान्वयन इकाईबाट संचालन गरिनेछ। त्यसैगरी ब्लक विकासका कार्यक्रम परियोजना कार्यान्वयन इकाई र स्थानीय तहसँगको समन्वयमा प्रदेश सरकार मातहतको कृषि तथा पशु सेवा क्षेत्र हेर्ने कार्यालयबाट संचालन गरिनेछ भने पकेट विकासका कार्यक्रम परियोजना कार्यान्वयन इकाई र प्रदेश मन्त्रालय मातहतको कृषि तथा पशु सेवा क्षेत्र हेर्ने कार्यालयको समन्वयमा सम्बन्धित स्थानीय तहको कृषि शाखाको अगुवाईमा संचालन गर्ने गरी आगामी आ.व. २०७७।७८ को बजेट तथा कार्यक्रम स्वीकृत भएको छ। पकेट, ब्लक, जोन र सुपरजोनको कार्यक्रम संचालन गर्न जिम्मेवारी तल तालिकामा उल्लेख गरिएको छ।

६.१ संघीय निकायको भूमिका

निकाय	भूमिका
कृषि तथा पशुपन्छी विकास मन्त्रालय	– परियोजना कार्यान्वयन निकायहरुलाई समग्र मार्गनिर्देशन गर्ने। – परियोजना सञ्चालन एवं व्यवस्थापनमा सहयोग गर्ने । – परियोजना कार्यान्वयनमा मुख्य सरोकार राख्ने निकायहरु बिचमा समन्वय कायम गर्न सहयोग गर्ने। – कार्यान्वयनका लागि बजेट र जनशक्ति व्यवस्थापन गर्ने। – परियोजना कार्यान्वयनका लागि आवश्यक नीति, रणनीति, निर्देशिका तथा कार्यविधिहरुको तर्जुमा, परिमार्जन र स्वीकृत गर्ने। – परियोजना व्यवस्थापन इकाई र अन्तर्गतका निकाय, सम्पादन गरिने क्रियाकलापहरु एवं अपेक्षित प्रतिफलहरुको अनुगमन, मुल्याङ्कन र प्रभाव अध्ययन गर्ने।
परियोजना निर्देशक समिति	– परियोजनालाई नीतिगत रुपमा मार्गर्शदन गर्ने। – परियोजनासँग सम्बन्धित सम्पुर्ण सरोकारवाला निकायहरु र क्षेत्रहरु बीच कार्यमूलक समन्वय स्थापना गराउने। – परियोजनाको नीतिगत अनुगमन तथा मूल्याङ्कन गर्ने। – परियोजनाको बजेट तथा कार्यक्रमको ढाँचा अनुमोदन गर्ने। परियोजनाको लागि आवश्यक निर्देशिका स्वीकृत गर्ने।
परियोजना निर्देशक समिति	– कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको अध्यक्षतामा परियोजना कार्यान्वयन समिति रहनेछ। – परियोजना कार्यान्वयनका लागि आवश्यक जनशक्तिको व्यवस्था मिलाउने। – परियोजनाको लागि आवश्यक बजेट तथा कार्यक्रमहरु स्वीकृतीका लागि निर्देशक समितिमा सिफारिश गर्ने। – परियोजना सञ्चालन सम्वन्धमा आवश्यक कार्यविधिहरु स्वीकृत गर्ने एवं निर्देशिकाहरु स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्ने। – परियोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि निर्देशक समितिवाट निर्देशन भए अनुसार व्यवस्था मिलाउने। – अन्तर निकाय समन्वयको लागि निर्देशक समितिवाट निर्देशन भए अनुसार व्यवस्था गर्ने। – परियोजना सञ्चालनमा आइपरेका समस्याहरु समाधानका लागि निर्देशक समितिमा पेश गर्ने।

निकाय	भूमिका
परियोजना व्यवस्थापन इकाई	– परियोजनाका लागि आवश्यक नीति, नियम र कार्यक्रम तथा क्रियाकलापहरुको तर्जुमा गरी परियोजना कार्यान्वयन समिति तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गर्ने। – परियोजनाको समग्र कार्यान्वयनको व्यवस्थापन गर्ने। – परियोजनाको सबै तहका कर्मचारीहरुको प्रशासनिक व्यवस्थापन गर्ने । – परियोजना निर्देशक समिति र परियोजना कार्यान्वयन समितको सचिवालयको रुपमा कार्य गर्ने। – परियोजना कार्यान्वयन इकाईहरुलाई पृष्ठपोषण, मार्गदर्शन गर्ने। – परियोजना कार्यान्वयनका लागि आवश्यक निर्देशिका तथा कार्यविधिहरुको तर्जुमा तथा परिमार्जनको व्यवस्था मिलाउने। – परियोजनाका अपेक्षित प्रतिफलहरुको अनुगमन, मुल्याङ्कन र प्रभाव अध्ययन गर्ने। – परियोजनाको सफल कार्यन्वयनका लागि कार्यमूलक समन्वयको व्यवस्था मिलाउने। – परियोजनाको समग्र प्रतिवेदन तयार गरी मासिक चौमासिक, अर्धबार्षिक र बार्षिक रुपमा कृर्षि तथा पशु विकास मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।
परियोजना कार्यान्वय इकाई	— जोन/सुपरजोन विकासका लागि तय भएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने। — परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उद्यमीहरुको अभिमूखीकरण तथा क्षमता विकास गर्ने। — सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रुपमा कार्य गर्ने तथा वाली विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने। — बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँगसम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने। — जिल्ला स्थित कृषि तथा पशु सेवा क्षेत्र हेर्ने कार्यालयसँगको समन्वयमा बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने । — जोन/सुपरजोनमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्ने।

निकाय	भूमिका
	— जोन/सुपरजोन अन्तर्गतका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी तथा सहकारीहरुको विवरण अद्यावधिक गर्ने। — जोन/सुपरजोन अन्तर्गत सामूहिक खेती, सहकारी खेती, करार खेती र चक्कलावन्दी खेती प्रवर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गर्ने । — जोन/सुपरजोन अन्तर्गत कृषि पूर्वाधारहरुको विकास गर्ने। — परियोजनाका सरोकारवालाहरु (स्थानीय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने। — परियोजनाको प्रगति नियमितरुपमा परियोजना व्यवस्थापन इकाईमा पठाउने। — सम्भाव्यताको आधारमा जोन/सुपरजोनको क्षेत्र विस्तारको लागि परियोजना व्यवस्थापन इकाईमा सिफारिस गर्ने। — परियोजनाबाट तोकिएका परियोजना कार्यान्वयन इकाईले प्रदेश स्तरमा समन्वय र रिपोर्टिङको समेत कार्य गर्ने। — सञ्चालित जोन र सुपरजोनको प्रोफाईल तयार गर्ने। — जिल्लामा सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रमको लागि क्षेत्र निर्धारण, कार्यक्रम तर्जुमा, अनुगमन, तथ्याङ्क व्यवस्थापनको लागि परियोजनको फोकल कार्यालयको रुपमा कार्य गर्ने।
सुपर जोन प्राविधिक इकाई	— सुपरजोन विकासका लागि तय भएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने। — परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, र कृषि उद्यमीहरुको अभिमुखिकरण तथा क्षमता विकास गर्ने। — सुपरजोन संचालनको लागी उपभोक्ताहरुको सहयोगमा आन्तरिक व्यवस्थापन विधि (Code of Conduct) तयार गरी लागु गर्ने। — सम्बन्धित वालीको कृषि विकास केन्द्रकारुपमा कार्य गर्नेतथा वाली विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने। — कार्यक्रम तर्जुमा तथा कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।

६.२ प्रादेशिक निकायको भूमिका

निकाय	भूमिका
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	– परियोजनाको ब्लक सम्भाग अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन जिल्ला स्थित कृषि तथा पशु सेवा क्षेत्र हेर्ने कार्यालय मार्फत गराउने । – भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका सम्बन्धित कार्यालयहरुमा ब्लक कार्यान्वयन इकाइको स्थापना गराउने । – ब्लक अन्तर्गत समूहिक खेती, सहकारी खेती, करार खेती र चक्लावन्दी खेती प्रवर्द्धन गर्ने नीति कार्यान्वयन गर्ने । – परियोजना व्यवस्थापन इकाई र स्थानीय तहसँगको समन्वय र सहयोगमा ब्लकको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने । – सघनरुपमा दुई आर्थिक बर्षसम्म ब्लक अन्तर्गतका क्रियाकलापहरु संचालन गरी तत् पश्चात स्थानीय तहमा हस्तान्तरण गर्ने। – हस्तान्तरित ब्लकहरुमा निश्चित अवधिमा अनुशरणा (Followup) क्रियाकलापहरु संचालन गर्ने। – परियोजनाका विषयगत अपेक्षित प्रतिफलहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने। – ब्लक अन्तर्गत संचालित कार्यक्रमको समग्र प्रतिवेदन तयार गरी मासिक, चौमासिक र बार्षिकरुपमा परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन गर्ने।
प्रदेश परियोजना समन्वय कार्यान्वयन तथा अनुगमन समिति	– परियोजना सन्चालनमा सहजीकरण गर्ने। – परियोजनाको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि निर्देशक समितिको निर्णय कार्यान्वयन गर्न व्यवस्था मिलाउने। – नयाँ ब्लक, जोन र सुपरजोन छनौटको लागि सिफारिस गर्ने – अन्तर निकाय समन्वय गर्ने। – परियोजना सञ्चालनमा आइपरेका समस्याहरू समाधानका लागि पहल गर्ने।

निकाय	भूमिका
डिभिजन कार्यालयहरु (कृषि विकास, पशुपन्छी तथा मत्स्य विकास, सिचाई, वन, उद्योग र फार्म केन्द्र, तालिम केन्द्र)	– परियोजनाको सहयोगी निकायको रुपमा कार्य गर्ने। – परियोजनालाई प्राविधक पृष्ठपोषण,कार्यमूलक समन्वयको प्रत्याभुत गराउने। – परियोजनाका विषयगत अपेक्षित प्रतिफलहरुको अनुगमन मुल्याङ्कन गर्ने। – परियोजना कार्यान्वयनमा देखिएका विषयगत समस्याहरु समाधानमा पहलकदमी लिने र समाधान हुन नसकेका समस्याहरु सम्बन्धित विभाग मार्फत परियोजना व्यवस्थापन इकाईमा प्रतिबेदन गर्ने। – परियोजना कार्यान्वयन समन्वय र अनुगमन मुल्याङ्कनका लागि फोकल अधिकृतको व्यवस्था गरी आवश्यक सहयोगी जनशक्तीको व्यवस्थापन गर्ने । – परियोजनाको विषयगत प्रगति तयार गरी परियोजना व्यवस्थापन इकाई र सम्बन्धित निकायमा पठाउने ।
ब्लक इकाई	– ब्लक इकाई सम्बन्धित जिल्लाको कृषि तथा पशु सेवा क्षेत्र हेर्ने कार्यालयमा रहने छ। – प्रत्येक जिल्लामा तोकिएको अधिकृत ब्लक इकाईको फोकल अधिकृत रहनेछन्। – परियोजना कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनको समग्र जिम्मेवारी जिल्ला स्थित कृषि तथा पशु सेवा क्षेत्र हेर्ने कार्यालय प्रमुखमा रहनेछ भने सरोकारवाला निकायका जिल्लास्थित कार्यालयहरुले सहजीकरण र समन्वयकारी कार्य गर्नेछन्। – तोकिएका वाली/वस्तु विशेषका ब्लकलाई स्व-सन्चालन (Self-Sustaining) उन्मुख हुने गरी प्रदेश सरकारको जिल्ला स्थित कृषि तथा पशु सेवा क्षेत्र हेर्ने कार्यालयबाट २ आर्थिक बर्षसम्म सघन रुपमा सामूहिक खेती/सहकारी खेती, करार खेती र चक्लावन्दी खेती प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ । – दुई आर्थिक वर्षसम्म संचालन भएको ब्लक विकास कार्यक्रमको परिपक्ता, जोन विकास कार्यक्रममा स्तरोन्नती वा हाल संचालित जोनमा समाहित हुन सक्ने आधार लगायतका विषयहरु समावेश गरी प्रदेश सरकारको अपनत्व ग्रहण गरी निरन्तरता वा स्थानीय तह वा समुदायस्तरमा हस्तान्तरणको लागि प्रतिवेदन गर्ने। – संचालित ब्लकको प्रोफाईल तयार गर्ने।

६.३ स्थानीय तहको भूमिका

निकाय	भूमिका
जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समिति	- परियोजना सन्चालनमा सहजीकरण गर्ने। - परियोजनाका विभिन्न सम्भागहरुमा तोकिएका कार्यक्रमहरुमा समन्वय तथा अनुगमन गर्ने । - अन्तर निकाय समन्वय गर्ने। - ब्लक क्षेत्र निर्धारण र जोन क्षेत्र विस्तारको लागि सिफारिस गर्ने । - परियोजना संचालमा आइपरेका समस्याहरु समाधानका लागि पहल गर्ने।
स्थानीय तह	- तोकिएको पकेट विकास कार्यक्रम संचालन गर्ने। – परियोजनाका विभिन्न सम्भागहरुमा तोकिएका कार्यक्रमहरुमा समन्वय, सहयोग र सहकार्य गर्ने। – परियोजना अन्तर्गत संचालन हुने पकेट/ब्लक/जोन/ सुपरजोनको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि सुझाव दिने। – कृषक समुह/सहकारीहरुलाइ अनुगमन तथा सहजीकरण गर्ने । - परियोजनाका विषयगत अपेक्षित प्रतिफलहरुको अनुगमन गर्ने। - परियोजना कार्यान्वयनमा देखिएका समस्याहरु समाधानमा सह-जीकरण गर्ने ।
पकेट इकाई	– स्थानीय तहको कृषि तथा पशु सेवा शाखको प्राविधिक कर्म-चारीलाइ पकेट इकाईको सम्पर्क व्यक्तिको रुपमा परिचालन गर्ने। – जनशक्ती व्यवस्थापन र पकेट अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनको समग्र जिम्मेवारी बहन गर्ने। – तोकिएका वाली/बस्तु विशेषका पकेटलाई स्व-संचालन (Self-Sustaining) उन्मुख हुने गरी दुई आर्थिक बर्षसम्म सघन रुपमा सामूहिक सहकारी खेती, करार खेती र चक्लावन्दी खेती कार्यक्रम संचालन गर्ने। – पकेट क्षेत्रको विकास एवं निरन्तरताको लागि अनुशरण फलोअप कार्यक्रममार्फत सम्बन्धित वालिको ब्लकसंग सम्पर्क स्थापित गर्ने – परियोजनाको विषयगत प्रगति तयार गरी परियोजना कार्यान्वयन इकाई र जिल्लास्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयमा प्रेषित गर्ने। – संचालित पकेटको प्रोफाइल तयार गर्ने।

७. बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) विकास कार्यक्रम

७.१ पृष्ठभूमि

कृषि उपज उत्पादन, प्रविधि विस्तार, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन, प्रशोधन र कृषिमा औद्योगिकीकरणका क्रियाकलापहरु सञ्चालन हुने बाली वस्तु विशेषका लागि न्यूनतम १००० हेक्टर क्षेत्रफलमा सञ्चालन भएको व्यवसायिक कृषि क्षेत्रलाई बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) भनिनेछ। परियोजना सञ्चालनको प्रथम वर्षमा ७ वटा सुपरजोन स्थापना भएका थिए भने परियोजना अन्त्यसम्ममा सुपरजोनहरुको संख्या २१ पुर्याइने परियोजना दस्तावेजमा उल्लेख रहेको।

७.२ उद्देश्य

बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(१) सुपरजोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(२) सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रशोधन उद्योगहरुको स्थापना मार्फत कृषि औद्योगीकरणको आधारशिला तयार गर्ने ।

(३) प्रयोगशाला सेवा तथा कृषि अनुसन्धान र अध्ययन संस्थानको क्षमता अभिवृद्धि गर्ने

(४) सुपरजोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी सृजना गर्ने।

७.३ सुपरजोन निर्माण

जोन विकास कार्यक्रम अन्तर्गत सञ्चालित एउटै जिल्ला भित्रका जोनको विस्तार भएर वा नजिकका ब्लक र जोनहरु क्लष्टरमा एकिकृत भई बाली वस्तु विशेषको लागि तोकिएको क्षेत्रफल/संख्याको न्यूनतम मापदण्ड पुरा गरेमा त्यस्तो क्षेत्रलाई बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) को रुपमा स्तरोन्नती गर्न सकिनेछ। साथै प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिएका बाली वस्तु विशेषका उत्पादन क्षेत्रहरुलाई

समेत आवश्यकता र औचित्यको आधारमा सुपरजोनमा समावेश गर्न सकिनेछ। राष्ट्रिय प्राथमिकताको आधारमा प्रादेशिक एवं बाली वस्तुगत सन्तुलन कायम हुने गरी परियोजनाले तोकेको लक्ष्य अनुसारका सुपरजोनहरु विकास गरिनेछ।

७.४ सुपरजोनका लागि क्षेत्रफलको न्यूनतम मापदण्ड

(क) सुपरजोन क्षेत्र छनौट र सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि तालिका-६ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफलको आधार पुरा गर्नु पर्नेछ।

तालिकाः सुपरजोन कार्यक्रम सञ्चालनका आधारहरु

बाली/वस्तु	इकाई	आधार	कैफियत
बाली	हेक्टर	१०००	
माछा (जलाशय क्षेत्र)	हेक्टर	१०००	

(ख) तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको हाल सञ्चालनमा रहेका सुपरजोनको हकमा क्षेत्रफल विस्तार कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ।

७.५ सुपरजोनको संख्या र कार्यक्रम सञ्चालन अवधि

बाली वस्तुको प्राथमिकतालाई आधार लिई प्रत्येक प्रदेशमा परियोजना अवधिसम्ममा बढीमा ५ वटा सुपरजोनहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यी सुपरजोनहरुमा परियोजना अवधिसम्म कार्यक्रम सञ्चालन हुनेछन्। सुपरजोन इकाईको फलोअप र निरन्तरता संघीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट तोकिएको निकायबाट हुनेछ।

७.६ सुपरजोनको अन्य संभागहरुसँगको सम्बन्ध

पकेट, ब्लक र जोनमा हुने उत्पादनले सोही बाली/वस्तुको सुपरजोनमा रहने कृषि बजार र प्रशोधन उद्योगको लागि कृषि उपज र कच्चा पदार्थ उपलब्ध गराउने छन्। त्यस्तै सुपरजोनमा रहेका स्रोत केन्द्रहरुबाट जोन, ब्लक र पकेटका लागि बीउ नक्ष लगायत अन्य प्रविधिहरु उपलब्ध हुने छन्।

७.७ सुपरजोन क्षेत्र विस्तार

सुपरजोन सञ्चालन तथा अनुगमन समन्वय समितिले सम्भाव्यताको आधारमा जोन क्षेत्र विस्तारको लागि परियोजना कार्यान्वयन इकाईमा अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध प्राप्त भएमा प्राविधिक कार्यदलको प्रतिवेदन एवं परियोजना कार्यान्वयन इकाईको सिफारिसमा परियोजना व्यवस्थापन इकाईले आसपासका जोडिएका क्षेत्रहरु समावेश गरी सुपरजोन क्षेत्र विस्तार गर्न सक्नेछ।

७.८ सुपरजोन सञ्चालन हुने क्षेत्र र समावेश हुने बाली

अनुसूची-१ मा उल्लेखित बाली/वस्तुहरु मध्येबाट प्राविधिक संभाव्यताको आधारमा मुलुकको जुनसुकै भौगोलिक क्षेत्रमा सुपरजोन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

७.९ सञ्चालन गर्ने निकाय

सुपरजोन विकास कार्यक्रम सञ्चालनका लागि तोकिएको जिल्लामा रहेको परियोजना कार्यान्वयन इकाईको मुख्य जिम्मेवारी रहनेछ र प्रदेश सरकारको जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालय र स्थानीय तहको कृषि/पशु सेवा शाखाले समन्वय र सहजीकरण गर्नेछन्।

७.१० जनशक्ति व्यवस्थापन

बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) कार्यक्रमको इकाई सम्बन्धित जिल्लाको परियोजना कार्यान्वयन इकाईमा रहनेछ। सुपरजोन विकास कार्यक्रम कार्यान्वयनका लागि परियोजना व्यवस्थापन इकाईको सिफारिसमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेपाल कृषि सेवा अन्तर्गत राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत-१ जना सहित प्राविधिक अधिकृत (T_6) — १ जना, प्राविधिक सहायक (T_4)-१ जना, प्रा.स./ना.प्रा.स.-२ जना स्थायी कर्मचारी काजमा खटाइनेछ । यसरी खटाउँदा बाली वस्तु विशेष सम्बन्धित समूहका एक जना अनिवार्य हुनु पर्नेछ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका निकायहरुको विद्यमान मौजुदा दरबन्दीबाट कृषि अधिकृत र प्रा.स./ना.प्रा.स. स्तरका कर्मचारीहरु उपलब्ध हुन नसकेमा परियोजना कार्यान्वयन इकाईको कार्यक्रममा बजेट व्यवस्था गरी उक्त कर्मचारीहरु समेत सेवा करारमा नियुक्ती गर्न सकिनेछ। यद्यपि परियोजनाको दरबन्दी वार्षिक स्वीकृत अस्थायी दरबन्दी अनुरुप हुनेछ।

७.११ कार्यक्रमको लक्षित वर्ग

सुपरजोन विकास कार्यक्रममा देहाय बमोजिमका लक्षित वर्ग सहभागी हुन सक्ने छन्:-

(१) स्थानीय लेखा नम्बर (PAN) लिएको व्यवसायिक कृषक

(२) स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह

(३) कृषि कार्य गर्ने उद्देश्य सहित सहकारी ऐन बमोजिम दर्ता भएका सहकारीहरु

(४) नियमानुसार दर्ता भएका जल उपभोक्ता समितिहरु

(५) कानुन बमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरु

७.१२ सुपरजोन छनौट

७.१२.१ सुपरजोन निर्धारणका आधारहरु

सुपरजोन विकास कार्यक्रम सञ्चालनकव लागि अनुसूची-१ बमोजिमका बाली/वस्तुमा देहायका आधारमा सुपरजोन क्षेत्र निर्धारण गर्नु पर्नेछ।

(क) कृषिमा आधारित उद्योग व्यवसायको लागि कच्चा पदार्थमा प्रयोग हुने बाली

(ख) स्थानीय स्तरमा रोजगारी सृजना गर्न सक्ने बाली र वस्तु

(ग) आयात प्रतिस्थापना र निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने बाली र वस्तु

(घ) सिंचाइ, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पूर्वाधार भएको

(ङ) तोकिएको क्षेत्रफलमा सामुहिक खेती तथा चक्लावन्दी भएको/हुनसक्ने वा एउटै कोरिडोरमा रहेको

(च) विगतमा सम्बन्धित बाली/वस्तुको जोन सञ्चालन भएको

(छ) हालको क्षेत्रफल, उत्पादन, उत्पादकत्व र समावेश हुने घरधुरी तथा खेती योग्य जग्गा

(ज) प्रस्तावित सुपरजोन क्षेत्र भित्र स्रोत केन्द्रको अवस्था, प्रमुख प्रशोधन, औद्योगिकीकरण तथा बजारीकरणका अवसरहरु

(झ) प्रस्तावित सुपरजोन क्षेत्र भित्र सामुहिक खेती तथा चक्लाबन्दी को हालको अवस्था एवं विस्तारको संभावना

सुपरजोन छनौट प्रक्रियाः सुपरजोन छनौट गरी स्वीकृत गर्ने प्रक्रिया देहाय अनुसार हुनेछ।

(क) सुपरजोन विकास कार्यक्रम मागः सम्बन्धित बाली वस्तुको जोन कार्यक्रम सञ्चालन भईरहेका क्षेत्रका इच्छुक लक्षित समुदाय/वर्गले अनुसूची-१४ बमोजिमको ढाँचामा विवरण भरी स्थानीय तहको सिफारिस समेत संलग्न गरी अनुसूची १५ बमोजिमको ढाँचामा परियोजना कार्यान्वयन इकाईमा आवेदन पेश गर्नु पर्नेछ।

(ख) प्राविधिक कार्यदल गठनः सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि प्राप्त आवेदन उपर अध्ययन गरी प्रतिवेदन पेश गर्न परियोजना कार्यान्वयन इकाईले देहाय बमोजिमको प्राविधिक कार्यदल गठन गर्नु पर्नेछ।

कृषि/पशु सेवा अधिकृत, परियोजना कार्यान्वयन इकाई	संयोजक
प्रमुख वा प्रतिनिधि, प्रदेश सरकार अन्तर्गतको जिल्ला स्थित कृषि/पशुसेवा क्षेत्र हेर्ने कार्यालय	सदस्य
सम्बन्धित बाली/वस्तुको विषय विज्ञ	सदस्य

(ग) अध्ययन एवं प्राविधिक प्रतिवेदनः प्राविधिक कार्यदलले सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि प्राविधिक रुपमा सम्भाव्य रहे नरहेको यकिन गरी अनुसूची-१६ बमोजिमको मूल्याङ्कनको मापदण्डहरुको आधारमा मुल्याङ्कन गरी परियोजना कार्यान्वयन इकाईमा प्रतिवेदन पेश गर्नेछ।

(घ) प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिबाट अनुमोदन एवं सिफारिसः मुल्याङ्कनको आधारमा मापदण्ड पुगेका उपयुक्त प्रस्तावहरुलाई परियोजना कार्यान्वयन इकाईले प्राथमिकताक्रम सहित प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिमा पेश गर्नेछ। यस समितिले प्रदेश अन्तर्गत संभावना भएका राष्ट्रिय प्राथमिकताका बालीहरुको जिल्लागत र भौगोलिक क्षेत्रगत सन्तुलन कायम हुने गरी अनुमोदन गर्नेछ र परियोजना कार्यान्वयन समितिमा पेश गर्न परियोजना व्यवस्थापन इकाईलाई सिफारिस गर्नेछ।

(ङ) सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि प्रदेश परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिबाट सिफारिस भइ आएका प्रस्तावहरु उपर परियोजना कार्यान्वयन समितिले छलफल गरी परियोजना निर्देशक समितिमा सिफारिस गर्नेछ।

(च) परियोजना निर्देशक समितिले परियोजना व्यवस्थापन इकाईको प्रस्तावमा परियोजना कार्यान्वयन समितिबाट सिफारिस भएका नयाँ सुपरजोन विकास कार्यक्रम तथा कार्यक्षेत्र माथि छलफल गरी निर्णय गर्नेछ।

७.१२.२ सुपरजोन विकास कार्यक्रम सञ्चालन प्रक्रिया

(१) परियोजना कार्यान्वयन इकाईले सुपरजोन कार्यक्षेत्रभित्र रहेका ईच्छुक लक्षित समुदाय/वर्गलाई सुपरजोन विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा सहभागिताका लागि सूचिकृत गर्नेछ। परियोजना कार्यान्वयन इकाईले सुपरजोन अन्तर्गत सञ्चालन हुने सम्पुर्ण कार्यक्रमहरुको अनुसूची-९ अनुसारको ढाँचामा सार्वजनिक सूचना आह्वान गरी लक्षित समुदाय/वर्गबाट आवेदन माग गर्नेछ।

(२) सुपरजोन कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित समुदाय/वर्गले तोकेको बाली/वस्तुमा आधारित रही अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(३) सुपरजोन अन्तर्गत कार्यक्रम सञ्चालनका लागि परियोजना कार्यान्वयन इकाईमा प्राप्त हुन आएका आवेदनहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको प्राविधिक समिति रहनेछ।

प्रमुख, परियोजना कार्यान्वयन इकाई	अध्यक्ष
प्रमुख वा प्रतिनिधि, प्रदेशको जिल्ला स्थित कृषि/ पशु सेवा क्षेत्र हेर्ने कार्यालय	सदस्य
कृषि अधिकृत, परियोजना कार्यान्वयन इकाई	सदस्य सचिव

(४) प्राविधिक समितिले सुपरजोन सञ्चालन हुने सम्बन्धित स्थानीय तहको कृषि/पशु सेवा शाखा प्रमुख वा प्रतिनिधि सहित अन्य २ जना पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) तोकिएको सुपरजोन क्षेत्र भित्रबाट सुपरजोन कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची-११ को आधारमा आवश्यकता अनुसार विस्तृतीकरण गरी प्राविधिक समितिले मूल्याङ्कन गर्नेछ।

(६) प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत प्रमाणिकरणको लागि कर्मचारी परिचालन गर्न सक्नेछ।

(७) प्राविधिक समितिले कार्यक्रमको दोहोरोपन नपर्ने गरी प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी प्राथमिकताक्रम तोकी स्वीकृतिका लागि परियोजना कार्यान्वयन इकाई प्रमुख समक्ष पेश गर्नेछ।

(८) परियोजना कार्यान्वयन इकाई प्रमुखले सुपरजोन अन्तर्गत सञ्चालन हुने अनुसूची-१८ बमोजिमका क्रियाकलापहरु सञ्चालनको लागि कार्यालयमा सिफारिस गरिएका लक्षित समुदाय/वर्गको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

(९) परियोजना कार्यान्वयन इकाईले सुपरजोन विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापको लागि लागत अनुमान, प्राविधिक स्पेशिफिकेशन र कार्यान्वयन कार्य योजना नियमानुसार स्वीकृत गर्नु पर्नेछ।

७.१२.३ सुपरजोन सञ्चालन समन्वय समिति गठन एवं जिम्मेवारी

(क) परियोजना कार्यान्वयन इकाईले सुपरजोन विकास कार्यक्रम सञ्चालनमा सहजीकरण र लाभग्राहीको अनुगमन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी परियोजना कार्यान्वयन इकाईमा सुपरजोन स्थापनाका लागि सूचीकृत भएका निश्चित क्षेत्र भित्रका संस्थाहरुको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय सुपरजोन सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ। यसरी गठन हुने समितिमा कम्तीमा ३ जना महिलाको सहभागिता हुनु पर्नेछ। सदस्य मध्ये एक जना समितिको संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आथिर्क वर्षको हुनेछ।

(ख) सुपरजोन सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछ:-

